नेपाल सरकार

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

सिंहदरबार, काठमाण्डौं

**अग्नि नियन्त्रण तथा विपद व्यबस्थापन शाखा**

फोन नं. : ०१-४२००२९८
०१-४२००४३१

आ.व. :- ०७२/७३
च.नं. :- ८२

मिति : २०७२/१२/२८

श्री महा-नगरपालिका कार्यालय,
श्री उप-महानगरपालिका कार्यालय,
श्री नगरपालिकाको कार्यालय, सबै ।

**विषय : आवश्यक शतर्कता अपनाउने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस वर्षको हावाहुरीको मौसम शुरु भई सकेको छ । हावाहुरीको कारणले आगलागीको सम्भावना बढी हुने र त्यसबाट धनजनको क्षति, आगलागि जस्ता विपद्को घटनाहरु घट्न सक्ने तर्फ पूर्ण सजकता अपनाई पूर्व तयारी स्वरुप देहायका बुँदाहरुलाई उच्च प्राथमिकता दिई कार्य गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

१. हावाहुरीको कारणले आगलागी तथा डडेलोको प्रकोप हुन सक्नेबारे जिल्लावासीहरुलाई जनचेतना जगाउने ।
२. दमकल (वारुणयन्त्र) सञ्चालन खर्चकालागि नगरपालिकाहरुले जिल्ला बिकास समिति र गाउँ बिकास समितिहरुसंग समन्वय गर्ने तथा जिल्ला बिकास समितिहरुले नगरपालिका र गाउँ बिकास समितिहरु संग समन्वय गराई सञ्चालन खर्च व्यवस्थापन गर्न सहयोग गर्ने ।
३. दमकल (बारुणयन्त्र) मर्मत सम्भार गर्नु पर्ने अवस्थाको भए तत्काल मर्मत सम्भार गरी चालु अवस्थामा राख्ने ।
४. बारुणयन्त्र सञ्चालनको लागि चौबिसै घण्टा जनशक्तिको उचित व्यवस्थापन गरी तयारी अवस्थामा राख्ने ।
५. आगलागी तथा डडेलोका घटना घटेको सूचना पाउनासाथ बारुणयन्त्र र जनशक्ति परिचालन गरी क्षति हुन नदिन सजगता अपनाउने ।
६. स्थानीय विपद् व्यवस्थापन समिति, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजिक्षेत्र र नागरिकहरुलाई विपद् व्यवस्थापन सम्बन्धमा तयारी अवस्थामा राख्ने ।
७. आवश्यकता अनुसार जिल्ला दैवि प्रकोप उद्धार समिति तथा सरोकारवाला निकायहरुसँग अग्नी नियन्त्रण सम्बन्धमा समन्वय र सहकार्य गर्ने ।

२०७२/१२/२८
अमरदिप सुनुवार
शाखा अधिकृत

बोधार्थ

श्री सूचना तथा बिद्युतीय शासन शाखा : यसै बमोजिमको पत्र वेभ साईटमा राखिदिन हुन ।